# मादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

माादी गाउँपालिका

प.सं: २०८१/०८२
च.नं. ७८८

मिति:२०८१।०९।०४

विषय- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।

श्री यो जो जससँग सम्वन्धित छ।

कास्की जिल्ला मादी गाउँपालिका अन्तर्गत श्री धनुवास कालिका माध्यमिक विद्यालय छाचोक-०७ मा रिक्त रहेको निम्नमाध्यमिक तह सामाजिक विषयको शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.नं २९ मिति २०८१।०९।०३ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

खगेन्द्र लामिछाने
अधिकृतस्तर सातौं (शिक्षा)

पुनश्च:

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना dhanubaskalikasecondary@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन।

बोधार्थ:

श्री शिक्षा विकास तथा समन्वय इकाइ, कास्की।

श्री धनुवासकालिका माध्यमिक विद्यालय,मादी ०७, कास्की।

"पर्यटन,कृषि,जलस्रोत र पुर्वाधार ! समन्यायिक समृद्दी मादीको मूल आधार"

मोबाईल :९८५६०७२६०१,९८५६०७२६०२,९८५६०७२६००,Web Site :madimunkaski.gov.np ईमेल : madimunkaski@gmail.com